गण्डकी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
पोखरा, नेपाल

# गण्डकी प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयको सूचना ।

आर्थिक सहायता सम्बन्धि कार्यविधि, २०७६ (संशोधन समेत) अनुसार यस मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को विभिन्न समयमा असाद्य रोग, मुटु, मृगौला, मेरुदण्ड पक्षघात, हेडइन्जुरी लगायतका कडा रोगहरुका बिरामीलाई आर्थिक सहायता वितरण हुँदै आएको व्यहोरा विदितै छ । सोही प्रयोजनको लागि गण्डकी प्रदेश भित्रका विभिन्न जिल्लाबाट प्राप्त भई नियमानुसार दर्ता भएका निवेदनहरु माथि आवश्यक निर्णय गर्ने तयारी रहेकोमा यहि मिति २०८२ भदौ २३ र २४ गते भएको जेन-जी आन्दोलनको क्रममा यस कार्यालयमा समेत भएको आगजनीबाट सबै कागजातहरु नष्ट भएकोले यस अघि दर्ता भएका निवेदनका कागजातहरु पुन: पेश गर्न अनुरोध छ । यसबाट पर्न भएको असुविधाप्रति क्षमाप्रार्थी छौँ ।

**औषधि उपचार सहायताको लागि निवेदन दिंदा पेश गर्नुपर्ने कागजातहरु :**

१) आर्थिक सहायता आवश्यक भएको व्यक्ति वा संरक्षकको निवेदन ।

२) सम्बन्धित व्यक्तिको नेपाली नागरिकताको प्रमाण पत्र वा जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपि, संरक्षक भएमा नाता खुल्ने प्रमाणपत्र समेत ।

३) सरकारी/सामुदायिक वा आधिकारिक अस्पतालको विशेषज्ञ चिकित्सकको प्रेस्क्रेप्सन (रोग खुलेको हुनुपर्ने) ।

४) आर्थिक अवस्था कमजोर वा विपन्न भनी सम्बन्धित स्थानीय तह (पालिका) वा वडा कार्यालयले दिएको सिफारिस पत्र ।

५) सम्बन्धित व्यक्तिको बैंक खाता सम्बन्धि विवरण (चेकबुकको प्रष्ट बुझिने प्रतिलिपि) ।

६) उपचारका क्रममा भएका खर्चका बिल भर्पाईहरु ।